स्थानीय सरकार

# कालिन्चोक गाउँपालिका

गा·लि·नर्ग्यो·ग ·ग·भ्युं·य·लि·ग | कालिञ्चोक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या ०८३/०८४
चलानी नम्बर : ६९

सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल
मिति : २०८३।०४।१९

विषयः आर्थिक वर्ष २०८३/०८४ को बजेट खर्च गर्ने मार्गदर्शन ।

श्री कर्मचारी सबै
कालिन्चोक गाउँपालिका ।

यस गाउँपालिकाको विनियोजन ऐन, २०८३ गाउँ सभाबाट पारित भई मिति २०८३/०४/०४ गते गाउँपालिका अध्यक्ष श्री अर्जुन प्रसाद शिवाकोटीज्यूबाट प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्राप्त भएको र मिति २०८३ साउन १८ गते प्रमुख प्रशासकीय अधिकृतबाट विषयगत शाखा र वडा सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान भएको विदितै छ। सोही अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागि त्यस शाखा/वडा कार्यालय मातहत विनियोजित रकम प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने / गराउने समेतको जिम्मेवारी यहाँबाट पूरा हुनेछ भन्ने विश्वास लिएको छु । गाउँपालिकाको सीमित स्रोतको परिचालन गर्दा अधिकतम् प्रतिफल हुने गरी मितव्ययिता, प्रभावकारीता र दक्षता कायम हुनेछ भन्ने समेत विश्वास लिएको छु। गाउँपालिकाको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्दै वित्तीय अनुशासन कायम गर्न विनियोजन ऐन, २०८३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, ऐ. नियमावली, २०७७ लगायत विद्यमान कानुनी व्यवस्थाको पुर्ण पालना गर्नु हुनेछ भन्ने विश्वासका साथ यो मार्गदर्शन जारी गरेको छु ।

१ आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट पुस्तिका गाउँपालिकाको वेवसाइट तथा गाउँपालिका कार्यालयबाट प्राप्त गरी बार्षिक खरिद योजना, बार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना र वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन निर्देशिकाको मस्यौदा २०८३ भाद्र २० गते भित्र तर्जुमा गरी स्वीकृतिको लागि पेस गर्नुहुनेछ ।

२ स्वीकृत बार्षिक खरिद योजना, बार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना र वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम आर्थिक प्रशासन शाखाबाट स्रोत सुनिश्चितता गराई खर्च गर्ने प्रकृया सुरु गर्नुहुनेछ ।

संजय शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

स्थानीय सरकार

# कालिन्चोक गाउँपालिका

ཀ་ལི་ནྩོ་ཀ་ ག་ཨུྃ་པ་ལི་ཀ

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : सुनखानी, दोलखा

चलानी नम्बर : बागमती प्रदेश, नेपाल

३ वार्षिक बजेटमा समावेश नभएका क्रियाकलाप सञ्चालन गरी गाउँपालिकालाई थप दायित्व सिर्जना गर्नुहुने छैन। स्रोतको सुनिश्चितता नभई सुरु गरिएका कुनै पनि खरिद प्रक्रियाबाट सिर्जित हुने दायित्वका लागि बजेट निकासा गरिने छैन ।

४ अनिवार्य दायित्वका क्रियाकलाप बाहेकका योजना कार्यक्रम सम्वत् २०८३ चैत्र मसान्तभित्र सम्झौता नभएमा स्वत: समर्पण गर्नुपर्नेछ ।

५ जुनसुकै प्रकारका सामग्री खरिद गर्दा अनिवार्य रुपमा PAMS प्रणालीबाट खरिद आदेश स्वीकृत गराइ खरिद प्रकृया अगाडी बढाउनुहुनेछ। इन्धन तथा मर्मतको आदेश अनिवार्य रुपमा PAMS बाट लिनुपर्नेछ।

६ सङ्कलन भएका राजश्व आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभएमा सोको भोलीपल्ट वैङ्क दाखिला गर्नुहुनेछ ।

७ तलवी प्रतिवेदन, इ-हाजिरी रेकर्ड बमोजिम मात्र तलब, भत्ता बापत रकम भुक्तानी गर्नुहुनेछ । कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता रकम अर्थ मन्त्रालयको परिपत्र अनुसार हुनेछ ।

८ सशर्त अनुदानका कार्यक्रमहरु सङ्घ र प्रदेश सरकारको सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कायविधि बमोजिम गर्नु/गराउनुहुन ।

९ तोकिएको परिमाण, लागत, गुणस्तर र समय सीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने उपभोक्ता समिति, टोल विकास समिति र निर्माण व्यवसायीलाई कानुन बमोजिम वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ । तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य सुरु नगर्ने, कार्ययोजना अनुरुप कार्य नगर्ने र कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, टोल विकास समिति र निर्माण व्यवसायीलाई कानुन बमोजिम कारवाही गरी सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१० नेपाल सरकार र प्रदेश सरकारबाट सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी

संजय रिमाल
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner

~~कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना २०८३~~ भाद्र २० भित्र पेस गरी कार्यान्वयन गर्नुहुनेछ ।

११ प्रचलित कानुन बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया पूरा गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ। चालु खर्चतर्फ मितव्ययिता र पुँजीगत खर्चतर्फ नतिजामूलक परिणाम प्राप्त हुने गरी कार्यान्वयन गर्नु हुनेछ । विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका कार्यक्रम आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन। विनियोजित बजेट र स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएमा सम्वन्धित कर्मचारी/पदाधिकारी नै जिम्मेवार हुनुपर्नेछ ।

१२ निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, कामको गुणस्तर कायम गर्ने र निर्णयकर्ता तथा कार्यान्वयनकर्ता परिणामप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु गराउनु हुनेछ । सबै खर्च व्यवस्थापनका प्रक्रियालाई विधिसम्मत बनाई शून्य बेरुजु कायम हुने गरी बजेटको प्रभावकारी कार्यान्वयन र अनुशासन कायम गर्नु गराउनु हुनेछ । बेरुजु फर्स्योट र सम्परीक्षणलाई पहिलो प्राथमिकता दिनु हुनेछ ।

१३ आ.व. २०८३/०८४ को बजेटमा उल्लिखित योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न २०८३ भाद्र २० भित्र अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गरी पूर्ण रुपमा जिम्मेवार वनाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ । आयोजनामा खटिने कर्मचारीहरूलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धी, अन्तरनिकाय समन्वय लगायतका विषयहरूमा सुरूमै अभिमुखीकरण हुनेछ । कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखको आधारमा हुनेछ ।

१४ वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म स्वदेशी मालसामान तथा वस्तु उपयोग तथा खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१५ स्वीकृत वजेटको सीमा र स्वीकृत दरवन्दीभित्र रहेर मात्र आवश्यक सेवा करारमा लिन सकिनेछ। सेवा करारमा कार्यरत व्यक्तिको तलब करार सेवा शुल्कः खर्च शीर्षक नं. २२४१३


Scanned with CamScanner

~~बाट मात्र खर्च लेख्नु पर्नेछ। सेवा करारबाट कुनै पनि थप दायित्व सिर्जना गर्न पाइने छैन।~~
कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्नु हुने छैन ।

१६ विभिन्न कोषहरुको लागि रकम विनियोजन भएको भए कोष सञ्चालन सम्बन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१७ कार्यक्रम आयोजनाको भौतिक प्रगति र गुणस्तर हेरी सोका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ ।

१८ बजेट खर्च लेखाङ्कन र प्रतिवेदनका सम्वन्धमा प्रचलित कानुनहरुको पालना गरी बजेट कार्यान्वयन गर्नु हुनेछ।

१९ विपदको अवस्था, नेपाल सरकार र गाउँपालिकाको निर्णय तथा विशेष अवस्थामा बाहेक विनियोजनको सीमाभन्दा वढी बजेट निकासा नदिइने भएकाले विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु गराउनु हुनेछ।

२० पुँजीगत शीर्षकमा विनियोजित रकम चालु शीर्षकमा र चालु शीर्षकमा विनियोजित रकम पुँजीगत शीर्षकमा खर्च गर्नु हुँदैन।

२१ तलव, भत्ता, पोशाक, पानी तथा विजुली, सञ्चार महसुल, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकहरूमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनु हुनेछ।

२२ प्रचलित कानुनी व्यवस्था अनुसार प्रतिवेदन प्रणालीलाई सामयिक र व्यवस्थित गर्नु हुनेछ। कार्यक्रम खर्चको उपलब्धी सहितको प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउनु हुनेछ।

२३ पानी, विजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ।

२४ सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ।

सञ्जय शिवाकोटी

प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner

२५ अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकालाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ।

२६ विषयगत शाखा र वडा कार्यालय तथा स्वास्थ्य संस्थामा रहेका जनशक्तिको अधिकतम् उपयोग गरी कार्यसम्पादन गराउने व्यवस्था गर्नु हुनेछ। वाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरूत्साहित गर्नु हुनेछ।

.....................

सन्जय शिवाकोटी

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्रीमान् अध्यक्षज्यू, जानकारीको लागि ।

श्रीमान् उपाध्यक्षज्यू, जानकारिको लागि ।



CS Scanned with CamScanner